नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं १ झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, आश्विन ०७ गते, २०७९ साल, संख्या ५

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोछ ।

# "सन्थाल जातिको स्वास्थ्य वीमा संचालन कार्यबिधि २०७९"

# भद्रपुर नगरपालिकाको सन्थाल जातिको स्वास्थ्य वीमा संचालन कार्यबिधि २०७९

*पारित मिति २०७९/०६/०२*
*प्रमाणीकरण मिति २०७९/०६/०६*

## प्रस्तावना

भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने सिमान्तकृत जातिको रुपमा रहेको सतार (सन्थाल) समुदायमा आर्थिक अभावका कारण उचित समयमा स्वास्थ्य सेवा लिन सक्ने अवस्था नदेखिएको हुँदा त्यस्ता सिमान्तकृत समुदायलाई स्वास्थ्य वीमा कार्यक्रम मार्फत स्वास्थ्य सेवा उपलब्ध गराउनु नगरपालिकाको कर्तव्य समेत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा भद्रपुर नगरपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को अधिनमा रही यो सन्थाल जातिको स्वास्थ्य वीमा संचालन कार्यबिधि २०७९ लागु गर्न वान्छनिय भएको हुँदा यो कार्यबिधि भद्रपुर नगरपालिकाको सातौं बैठकबाट पारित गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यबिधिको नाम : "भद्रपुर नगरपालिका अन्तरगतका सन्थाल जातिको स्वास्थ्य वीमा संचालन कार्यबिधि २०७९" रहेको छ ।

(ख) यो कार्यबिधि भद्रपुर नगरकार्यपालिकाले पारित गरी नगर प्रमुखबाट प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

## परिच्छेद-२

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) " स्वास्थ्य वीमा" भन्नाले स्वास्थ्य वीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि सन्थाल समुदायका व्यक्ति एवं परिवारका लागि नगरपालिकाले गरी दिने वीमा सम्झनु पर्छ ।

(ख) "विपन्न" भन्नाले गरिवीको आधारमा आर्थिक एवं सामाजिक गरीवीको समस्याग्रस्त सन्थाल समुदायको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

(ग) "सहुलियत" भन्नाले नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य वीमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा भद्रपुर नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ ।

(घ) "सन्थाल (सतार) जातिको स्वास्थ्य वीमा कार्यक्रम" भन्नाले भद्रपुर नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनबाट पारित नीति तथा कार्यक्रम अन्तरगत सन्थाल जातिका तोकिएका थरका व्यक्ति वा परिवारलाई सहुलियत स्वरुप नगरपालिकाद्धारा अभियानका रुपमा गरिने स्वास्थ्य वीमा कार्यक्रम सम्झनु पर्दछ साथै सो शब्दले भद्रपुर नगरक्षेत्रभित्र बसोबास गर्ने सबै सन्थाल जातिका व्यक्तिहरुलाई बुझाउने छ ।

(ङ) "योगदान रकम (प्रिमियम)" भन्नाले नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य वीमामा सहभागी हुदा बिमितकोतर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ ।

(च) "सेवा" भन्नाले स्वास्थ्य वीमा ऐन २०७४ को दफा ५ बमोजिम बिमितलाई प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवा तथा औषधी समेतलाई सम्झनु पर्छ ।

(छ) " बीमित भन्नाले भद्रपुर नगरपालिकाद्धारा स्वास्थ्य वीमा गरिएको सन्थाल समुदायको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

(ज) "बोर्ड" भन्नाले स्वास्थ्य वीमा बोर्डलाई सम्झनु पर्दछ

(झ) "सतार वा सन्थाल" भन्नाले सतार वा सन्थाल समुदायमा पर्ने किस्कु , मर्डी, सोरेन, मुर्मु, हेमरम, हास्दा, टुडु, बास्के , चोडे, पाउरीया ,बेस्रा र बेदिया जस्ता उक्त समुदायमा प्रचलित थरहरु भएका व्यक्तिहरु पर्दछन् । साथै सो शब्दले भद्रपुर नगरक्षेत्रभित्र बसोबास गर्ने सबै सन्थाल जातिका व्यक्तिहरुलाई बुझाउने छ ।

(ञ) "नगर प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।
(ट) " नगर उपप्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।
(ड) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रसासकिय अधिकृतलाई सम्झनु पर्छ ।
(ढ) "दर्ता सहयोगी" भन्नाले स्वास्थ्य वीमा नियमावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ
(ण) "वडा" भन्नाले भद्रपुर नगरपालिकाभित्र रहेका वडाहरुलाई सम्झनु पर्दछ ।
(त) "वडा अध्यक्ष" भन्नाले भद्रपुर नगरपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## परिच्छेद -२

३. उदेश्य र क्षेत्र

(क) भद्रपुर नगरपालिका क्षेत्रभित्रका सन्थाल समुदायका व्यक्तिहरुको स्वास्थ्यमा पँहुचको बृद्धी गर्नु ,

(ख) आर्थिक अभावमा हुने स्वास्थ्य जोखिमलाई कम गर्नु ,

(ग) लोक कल्याणकारी भावनाको विकास गर्नु,

(घ) सिमान्तकृत तथा विपन्न व्यक्तिहरुको स्थानीय सरकारप्रतिको भरोसामा बृद्धी गर्नु ,

४. क्षेत्र :

(क) भद्रपुर नगरपालिका क्षेत्रभित्र रहेका सिमान्तकृत सन्थाल जातिलाई स्वास्थ्य वीमा कार्यक्रम गराउन लाग्ने रकम नगरपालिकाबाट उपलब्ध गराई स्वास्थ्य वीमा गराउन र लक्षित वर्गलाई स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यसम्म यस कार्यबिधिको क्षेत्र हुनेछ ।

## परिच्छेद-३

५. स्वास्थ्य वीमा कार्यक्रममा सहभागी हुने सम्बन्धी व्यवस्था :

(क) भद्रपुर नगरपालिकाद्धारा गरिने सन्थाल जातिको स्वास्थ्य वीमा कार्यक्रममा ५ जनासम्म सदस्य रहेको परिवारलाई एक ईकाइ मानिनेछ ।

(ख) एक ईकाइ परिवारको स्वास्थ्य वीमा गर्न लाग्ने नेपाल सरकारको स्वास्थ्य सेवा ऐन र नियामावली बमोजिमको रकम भद्रपुर नगरपालिकाले उपलब्ध गराउनेछ ।

(ग) एक इकाइ परिवारभन्दा बढी सदस्य भएमा प्रति सदस्य लाग्ने थप रकम समेत नगरपालिकाले उपलब्ध गराउनेछ ।

(घ) भद्रपुर नगरपालिकाबाट यस कार्यक्रमका लागि छुट्याइएको रकमले सबै सन्थाल व्यक्तिको स्वास्थ्य वीमा गर्न अपुग भए यो कार्यक्रम क्रमश: प्रत्येक आ.व.मा गर्दै लगिनेछ ।

(ङ) एक पटक नगरपालिकाले सन्थाल समुदायका व्यक्तिको स्वास्थ्य वीमा गरी सकेपछि त्यसको निरन्तरताका लागि तिर्नुपर्ने दोस्रो पटकको रकम बिमित आफैले व्यहोरी वीमा नवीकरण गर्नुपर्नेछ । तर एक पटक नगर क्षेत्रका सन्थाल समुदायका सबै व्यक्तिको स्वास्थ्य वीमा गरी सके पश्चात नगर सभाको नीति, कार्यक्रम र बजेट अनुसार स्वस्थ्य वीमाको नवीकरणमा लाग्ने रकम समेत नगरपालिकाले उपलब्ध गराई स्वास्थ्य वीमाको निरन्तरता गरी दिन बाधा पर्नेछैन ।

**(च) स्वास्थ्य वीमा कार्यक्रममा सहभागि हुने सम्बन्धी व्यवस्था स्वास्थ्य सेवा ऐन र नियामावलीले तोके बमोजिम हुनेछ ।**

६. प्रमाण र कागजातहरु :

(क) स्वास्थ्य वीमा कार्यक्रममा सहभागी हुने सन्थाल समुदायका व्यक्ति वा परिवारले नेपाली नागरिकता प्रमाणपत्रको छाँयाप्रति, बच्चाको हकमा जन्मदर्ताको प्रतिलिपी, नागरिकता विहिन महिलाको हकमा विवाहदर्ताको प्रमाणपत्रको प्रतिलिपी, “स्थायी बसोबास भएको सन्थाल जाती हो” भन्ने वडा कार्यालयको सिफारिस पत्र लगायत स्वास्थ्य सेवा ऐन, नियामावली तथा स्वास्थ्य वीमा निर्देशिकाले तोकेका कागजात सहित दर्ता सहयोगी मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ख) दफा ६ (क)बमोजिम पेश भएका कागजातको अध्ययनबाट स्वास्थ्य वीमा गर्न पर्याप्त प्रमाण र आधार देखिएपछि भद्रपुर नगरपालिकाका सम्बन्धित वडाका दर्ता सहयोगीले नगरपालिकामा सोको विवरण सहित रकम माग गर्नुपर्नेछ ।

(ग) दफा ६ (ख) बमोजिम दर्ता सहयोगीबाट माग भएको रकम ठीक देखिएमा नगरपालिकाले नियामानुसार वीमा शुल्कको रकम भुक्तानी गर्नेछ ।

(घ) दफा ६ (ग) बमोजिम रकम भुक्तानी भई सकेपछि कुनै लाभग्राहीको स्वास्थ्य वीमाको रकम जम्मा नभएमा वा दर्ता सहयोगिले नगरेको पाइएमा त्यस्तो रकम र प्रिमियम र वीमाङ्क समेत कैफियत गर्ने दर्ता सहयोगीबाट सरकारी बाँकी सरह असुल उपर गरी नियामानुसार कार्यवाही गरिने छ ।

(ङ) दफा ६ का विभिन्न खण्डमा जुनसुकै कुरा उल्लेख भएता पनि स्वास्थ्य वीमाको शुल्क वापतको रकम नगरपालिकाले सिधै स्वास्थ्य वीमा बोर्डमा पठाउन बाधा पर्ने छैन ।

७ वीमा कार्यक्रममा सहभागी हुने माध्यम :

(क) भद्रपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका सन्थाल समुदायका व्यक्तिहरुले स्वास्थ्य वीमा कार्यक्रममा सहभागी हुने माध्यममा सम्बन्धित वडाको दर्ता सहयोगी वा नगरपालिकाले तोकेको अन्य दर्ता सहयोगी मार्फत हुनेछ ।

## परिच्छेद -५

८ रकम सम्बन्धि व्यवस्था :

(क) यस कार्यबिधि बमोजिम भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने सन्थाल समुदायका व्यक्तिहरुको स्वास्थ्य वीमा दर्ता गर्दा लाग्ने प्रिमियम रकमको सतप्रतिशत रकम भद्रपुर नगरपालिकाले व्यर्होनु पर्नेछ ।

(ख) एक पटक खण्ड (क) बमोजिम स्वास्थ्य वीमा गरी सकेपछि लाभग्राहीले सो बमोजिम निरन्तरताका लागि अर्को पटक बुझाउनु पर्ने रकम बिमित स्वयमले बुझाउनु पर्नेछ । तर नवीकरणको हकमा यसै कार्यबिधिको दफा ५ (ङ) को व्यवस्था लागु भएमा विमितले सो सुबिधा पाउन बाधा पर्ने छैन ।

(ग) स्वास्थ्य वीमा वापतको प्रिमियम सम्बन्धि रकम प्राप्त गर्न तोकिएको समुदायका व्यक्तिले दफा ६ (क ) को प्रमाण सहित दर्ता सहयोगि मार्फत अनुसूची १ अनुसारको निवेदन सहित भद्रपुर नगरपालिकामा पेश गर्नु पर्नेछ ।

९ स्वास्थ्य वीमाको रकम प्राप्त हुने अवधिः भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी बसोबास गरेका संथाल समुदायको स्वास्थ्य वीमा सम्बन्धि प्रिमियम वापतको तोकिएको रकम कार्यक्रमको प्रभावकारीता, उपादेयता र पारदर्शिता समेतलाई ध्यान दिई नगरसभाले रकम विनियोजन गरेको आर्थिक वर्षसम्म हुनेछ ।

## परिच्छेद -६

१० निर्देशक समिति सम्बन्धि व्यवस्था :

(क) भद्रपुर नगरपालिका क्षेत्रभित्रका सन्थाल (सतार) समुदायका परिवार तथा व्यक्तिहरुको स्वास्थ्य वीमा कार्यक्रमलाई व्यवस्थित तथा समयानुकुल बनाई कार्यक्रमलाई प्रभावकारी मार्गदर्शन गर्नका लागि देहाय आसारको एक निर्देशक समिति रहनेछ ।

नगर प्रमुख ..............................................................संयोजक
नगर उपप्रमुख ..........................................................सदस्य
प्रमुख प्रशासकीय अधिकृत ...............................................सदस्य
सामाजिक विकास समितिको संयोजक ...............................सदस्य
स्वास्थ्य वीमा सम्बन्धि विषेश अनुभव वा
विज्ञता हासिल गरेको सामाजिक क्षेत्रका व्यक्तित्व
मध्ये नगर प्रमुखले मनोनित गरेको एक जना ......................सदस्य
लेखा प्रमुख ..............................................................सदस्य
स्वास्थ्य शाखा प्रमुख ...............................................सदस्य सचिव

(ख) निर्देशक समितिको काम कर्तव्य र अधिकार :

(१) सन्थाल समुदायको स्वास्थ्य वीमा कार्यक्रमको स्रोत व्यवस्थापन तथा कार्यक्रम कार्यन्वयनमा सहयोग गर्नु ,

(२) कार्यक्रमको अनुगमन, मुल्याङ्कन, समिक्षा, सुधार र विस्तार गर्नु ,

(३) सम्बन्धित नगरपालिकामा आउने गुनासो व्यवस्थापन गर्नु ,

(४) स्वास्थ्य वीमा बोर्डसँग समन्वय र छलफल गर्नु ,

(५) दर्ता सहोगी मार्फत प्राप्त आवेदनहरुको छानविन गरी वीमा गर्न योग्य लाभग्राहीको सूची तयार गराउनु ,

(६) प्रस्तुत सन्थाल समुदायको स्वास्थ्य वीमा कार्यक्रमको थप स्रोत व्यवस्थापनका लागि संघिय सरकार तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।

(ग) निर्देशक समितिको बैठक सम्बन्धि व्यवस्था :

(१) निर्देशक समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउनु पर्नेछ ।

(२) बैठक सम्बन्धि कार्यबिधि निर्देशक समिति आफैंले तय गर्नु पर्नेछ ।

(३) बैठकमा विज्ञ समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्रत्येक बैठकमा उपस्थित सदस्यहरुले नियम अनुसार बैठक भत्ता लिन बाधा पर्ने छैन ,

## परिच्छेद -७

११ विविध :

(क) भद्रपुर नगरपालिका अन्तरगत सन्थाल जातिको स्वास्थ्य वीमा कार्यक्रम बाहेक नगरपालिकाले यस्तै कुने खास जाति, वर्ग, समुदाय, कुनै पेशा वा रोजगारीमा रहेका समुदायको स्वास्थ्य वीमा गर्न चाहे वा निणर्य गरेमा यसै कार्यबिधि बमोजिम गर्न सकिनेछ ।

(ख) यस अघि भद्रपुर नगरपालिकाले जुनसुकै क्षेत्रमा भए गरेका स्वास्थ्य वीमा सम्बन्धि कामकारवाहीहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

गणेश [illegible]
नगर प्रमुख
भद्रपुर नगरपालिका

गणेश पोखरेल

(ग) यो कार्यविधि प्रचलित अन्य कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म यस कार्यविधिका प्रावधानहरु बदरभागी हुने छन ।

१२ बाधा अड्काउ फुकाउने :

(क) यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा निर्देशक समितिको राय सिफारिसका आधारमा कार्यपालिका बैठकले निणर्य गरे बमोजिम हुनेछ ।

१३ संशोधन तथा खारेजी :

(क)प्रस्तुत भद्रपुर नगरपालिका अन्तरगत सन्थाल जातीको स्वास्थ्य वीमा संचालन कार्यबिधि २०७९ मा संशोधन, थपघट, परिमार्जन, एवम् खारेजी गर्ने अधिकार भद्रपुर नगरकार्यपालिकामा निहित रहनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-१
दफा ६ (क) सँग सम्बन्धि
**निवेदनको ढाँचा**

गणेश पोख्रेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**विषय : स्वास्थ्य वीमा गरी पाउँ ।**

उपरोक्त विषयमा भद्रपुर नगरपालिका अन्तरगत सन्थाल जातिको स्वास्थ्य वीमा सम्बन्धि कार्यबिधि २०७९ बमोजिम मेरो ............ जना सदस्य भएको परिवारको स्वास्थ्य वीमा गरी पाउन संलग्न प्रमाण कागजातहरु मध्ये आवश्यक कागजातहरु राखी यो निवेदन पेश गरेको छु । नियामानुसार स्वास्थ्य वीमा गरी पाउँ ।

**संलग्न प्रमाण कागजातहरु**

१. नेपाली नागरीकताको प्रतिलिपि
२. विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि
३. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
४. वडा कार्यालयको सिफरिस सहित अन्य कागजात

**निवेदकको**
**दस्तखत** ................................
**नाम थर :** ...............................
**ठेगाना :** ..................................
**सम्पर्क नं. :**..............................

आज्ञाले

(टेककुमार रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत

गणेश पोख्रेल
नगर प्रमुख
भद्रपुर नगरपालिका